मिति २०८३ साल असार १० र ११ गते बसेको १९ औ गाउँसभाको पहिलो बैठकको निर्णयः

**१. आ.व २०८३/०८४ को निति तथा कार्यक्रम सम्बन्धमा ।**

उक्त प्रस्ताव माथि छलफल गर्दा यस सन्दकपुर गाउँपालिकाको आ.व २०८३/०८४ को निति तथा कार्यक्रम गाउँसभा सदस्यहरुको सुझाव तथा संसोधनहरुलाई समेटि सर्वसम्त स्विकृत गर्ने निर्णय गरियो ।

**२. आ.व २०८३/०८४ को आर्थिक विद्येयक सम्बन्धमा ।**

उक्त प्रस्ताव माथि छलफल गर्दा यस सन्दकपुर गाउँपालिकाको अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक दफावार छलफल गरि आवश्यक सुझाव तथा संसोधन सहित सर्वसम्मत स्विकृत गर्ने निर्णय गरियो ।

**३. आ.व २०८२/०८३ को संसोधित अनुमान सम्बन्धमा ।**

उक्त प्रस्ताव माथि दफावार छलफल गर्दा यस सन्दकपुर गाउँपालिकाको हास सम्मको खर्चको विवरण यस सभा पेश भए अनुसार आर्थिक बर्ष २०८२/८३ को अन्त्य सम्म कुल विनियोजन रकमको करिब ८५ प्रतिशत खर्च हुने अनुमान गरियो ।

**४. हालसम्मका कार्यपालिका निर्णयहरुको सम्बन्धमा ।**

उक्त प्रस्ताव माथि छलफल गर्दा हस सम्म कार्यपालिकाबाट भएको सम्पुर्ण निर्णय तथा कार्यपालिकाबाट अनुमोदन गर्ने भनिएका निर्णयहरु दफावार छलफल गरि सम्पुर्ण निर्णयहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**५. आ.व २०८३/०८४ को विनियोजन विद्येयक सम्वन्धमा ।**

उक्त प्रस्ताव माथि छलफल गर्दा यस सन्दकपुर गाउँपालिकाको आ.व २०८३/०८४ को सेवा र कार्यहरुको लागि स्थानिय सञ्चित कोषबाट रकम खर्च र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विद्येयक दफावार छलफल गरि आवश्यक सुझाव तथा संसोधन सहित सर्वसम्मत स्विकृत गर्ने निर्णय गरियो ।

**६. आ.व २०८३/०८४ को बजेट तथा कार्यक्रम सम्वन्धमा ।**

उक्त प्रस्ताव माथि छलफल गर्दा यस सन्दकपुर गाउँपालिकाको आ.व २०८३/०८४ को बजेट तथा कार्यक्रम गाउँसभामा छलफलका तथा अध्ययनका लागि पेश गरियो ।

**७.विषयगत समिति तथा अन्य विभिन्न समितिको प्रतिवेदन सम्वन्धमा ।**

उक्त प्रस्ताव माथि छलफल गर्दा यस सन्दकपुर गाउँसभा र कार्यपालिका अन्तरगत रहने विभिन्न समितिकोहरुको बार्षिक प्रतिवेदन छलफल गरि सर्वसम्मत अनुमोदन गर्ने निर्णय गरियो ।

**८.शुन्य समयका सम्बन्धमा ।**

उक्त प्रस्ताव माथि छलफल गर्दा गाउँसभाका सदस्यहरुले शुन्य समयमा उठाएका प्रश्नहरुको गाउँपालिका अध्यक्ष, उपाध्यक्ष र सम्बन्धित विषयगत समितिका संयोजकहरु दिएको जवाफ सम्पुर्ण जवाफहरुलाई सभाबाट सर्वसम्मत पारित गरियो ।

**९. विभिन्न ऐन सम्बन्धमा ।**

उक्त प्रस्ताव माथि छलफल गर्दा गाउँपालिकाको विधायन समितिबाट तयार भई कार्यपालिकाबाट यस गाउँसभामा संसोधनका लागि प्राप्त निम्न अनुसारका ऐनहरु दफावार छलफल गरि स्विकृत गर्ने निर्णय गरियो ।

**निम्न:**

१.माईपोखरी क्षेत्रको संरक्षण तथा व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८०

२.थेबे (लिम्बु) किपट प्रथाजनित संरक्षित बन वातावरण, जैविक विविधता संरक्षण तथा पर्यापर्यटन सम्बन्धि ऐन, २०८१